**"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार :
गाउँपालिकाको समृद्धिको आधार"**

## अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको

# नीति तथा कार्यक्रम

## आ.व. २०८०/०८१

**अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको
गाउँसभाको १२औं अधिवेशनमा
गाउँपालिका उपाध्यक्ष श्री कल्पना कुमारी चौधरीद्वारा प्रस्तुत
नीति तथा कार्यक्रम
आर्थिक बर्ष २०८०/०८१**

## अग्नीसाईर कृष्णासवरन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**सितापुर, सप्तरी, मधेश प्रदेश, नेपाल**

अग्नीसाईर कृष्णासवरन गाउँपालिका

# नीति तथा कार्यक्रम

**"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधारः गाउँपालिकाको समृद्धिको आधार"**

**श्रद्धेय सभाध्यक्ष महोदय,**

प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख श्री शिवनारायण साह ज्यु, विशिष्ट अतिथि ज्युहरु, अतिथि ज्युहरु, उपस्थित सम्पूर्ण सभाका सदस्यज्युहरु, सबै राष्ट्रसेवक कर्मचारीहरु, पत्रकार, सुरक्षाकर्मी, बुद्धिजीवी, समाजसेवी, नागरिक समाज एवं राजनीतिकर्मीहरु सबैमा यस अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको आगामी आर्थिक बर्ष २०८०/८१ को बजेट प्रस्तुत गर्न आयोजित यस सम्मानित सभामा हार्दिक स्वागत तथा नमस्कार गर्न चाहन्छु ।

नेपालको युगान्तकारी परिवर्तन गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तीको निम्ती विभिन्न कालखण्डमा ऐतिहासिक जन-आन्दोलन, मधेश आन्दोलन लगायतका आन्दोलनहरुमा देश र जनताको लागि आफ्नो जीवन समर्पण गर्नुहुने ज्ञात, अज्ञात बीर सहीदहरुप्रति सम्मानका साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु । साथै घाईते, वेपत्ता नागरिकप्रति सम्मान प्रकट गर्दछु । राजनैतिक, सामाजिक परिवर्तनमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु ।

यस अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको गाउँसभाको १२ औं अधिवेशनमा आगामी आर्थिक बर्ष २०८०/८१ को लागि ऐतिहासिक बार्षिक नीति तथा कार्यक्रम एवं बार्षिक बजेट प्रस्तुत गर्न पाउँदा मलाई निकै नै गर्व महसुस भएको छ ।

अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको समग्र विकासको खाका तयार गर्नका लागि नीति तथा कार्यक्रम एवं बजेट तर्जुमाका विभिन्न चरणहरुमा सहयोग पुर्‍याउनुहुने श्रद्धेय अध्यक्ष ज्यु, वडाध्यक्षज्युहरु, कार्यपालिका सदस्यज्युहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु तथा गाउँपालिका बासी दाजुभाई, दीदीबहिनीहरु सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

विगतका वर्षहरुमा निर्माण भएका बजेट कार्यान्वयनको चरणमा जाँदा देखिएका कमजोरी र समस्याहरुबाट अनुभव हासिल गर्दै जनताका आवश्यकता, चाहना र कार्यान्वयनको तत्परतालाई ध्यानमा राखी सन् २०३० सम्म दीगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति गर्नका लागि लिईएको समृद्ध नेपाल, सुखी नेपाली बनाउने राष्ट्रिय लक्ष्य पुरा गर्दै हामीले समृद्ध अग्नीसाईर कृष्णासवरन गाउँपालिका बनाउने संकल्प गरेका छौं ।

आर्थिक बर्ष २०८०/०८१ को बार्षिक नीति, बजेट तथा कार्यक्रम पेश गरीरहेको यस घडीमा अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको सुनौला भविष्य, चौतर्फि विकास, जनअपेक्षासंग जोडिएको हुँदा गाउँपालिकाको शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार विकास, सामाजिक संस्थागत विकास एवम् वातावरण तथा विपद व्यवस्थापन लगायत सर्वपक्षिय विकासको लागि नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, नेपाल सरकारबाट जारी भएको प्रचलित ऐन नियम, निर्देशिका र नीतिहरुलाई अनुशरण गर्दै जननिर्वाचित पदाधिकारी, विषयगत विज्ञहरु, जनस्तरबाट आएको सल्लाह सुझावहरुलाई आत्मसात गर्दै बृहत रुपमा विचार एवम् विमर्श गरी आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम एवम् बजेटमा सबै क्षेत्रलाई प्राथमिता दिने प्रयास गरेकी छु ।

हाम्रो गाउँपालिका र हाम्रो समाजका अधिकांस परिवार गरिवीको रेखामुनी रहेका छन् । यसको कारण शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार विकासमा विज्ञानसंगत तरिकाले दिर्घकालिन योजना तर्जुमा र कार्यान्वयन गर्न नसक्नु हो । त्यस्तै गरि हाम्रो पालिका करिब ८० प्रतिशत कृषिमा

आधारित अर्थव्यवस्थामा संलग्न रहेपनि कृषि क्षेत्रमा आधुनिकीकरण, व्यवसायिकरण र वैज्ञानिक पद्धतिसंग जोड्ने किसिमको दिर्घकालिन योजनाहरु तर्जुमा गरि कार्यान्वयन नगर्दा बेरोजगारीको विकराल समस्या हामीसँग चूनौतिको रुपमा चट्टान झैं उभिएको छ । यसको परिणाम गरिवी, सामाजिक विकृति र व्यापक मात्रामा युवा जनशक्ति बैदेशिक रोजगारमा पलायन हुन बाध्य भएका छन् ।

हामी एकाईसौं शताब्दीको विज्ञान प्रविधीको युगमा रहेपनि आजसम्म पौराणिक पद्धति, प्रविधि मै निर्भर रहेका छौं । हाम्रो अर्थनीति उत्पादनमुखी नभई निर्वाहमुखी भएको कारण हाम्रो समाज आजसम्म पछौटेपनको शिकार भएको छ । तसर्थ यी यावत चुनौतिहरुलाई आत्मसाथ गर्दै अनुत्पादक क्षेत्रलाई निरुत्साहन गर्दै उत्पादक क्षेत्रलाई प्रोत्साहन गर्नु आजको आवश्यकता हो । त्यसैले बजेट सिमा निर्धारण र योजना तर्जुमा गरिरहँदा उत्पादनमुखि क्षेत्रहरु शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, उद्यम विकास, भौतिक पुर्वाधार विकासलाई प्राथमिकतामा राखि दिर्घकालिन योजना अनुसार दिगो विकासलाई टेवा पुग्ने गरि योजना तर्जुमा गरेकी छु । मानविय संसाधन विकास हेतु युवा तथा खेलकुद, लैङ्गिक समानता, महिला शसक्तिकरण, कलासंस्कृति, गरिवी निवारण लगायतका क्षेत्रमा विशेष कार्यक्रमहरु तर्जुमा गरिएको छ ।

**श्रद्धेय सभाअध्यक्ष महोदय,**

अब म आगामी आर्थिक बर्ष २०८०/०८१ मा अग्नीसाईर कृष्णासवरन गाउँपालिकाले अंगिकार गर्ने मुख्य-मुख्य नीति तथा कार्यक्रमहरुलाई यस गरिमामय सभामा पेश गर्ने अनुमति चाहन्छ ।

## विद्यमान अवस्थाको समीक्षाः

### सवल पक्षः

अग्नीसाइर कृष्णासवरवन गाउँपालिका नेपालकै एक आर्थिक समृद्धिको सम्भावना बोकेको क्षेत्र हो । यस क्षेत्रमा मौसमी खेतीको रुपमा गहुँ, तोरी, दलहन, तरकारी, आँप, नगदेवालीको पर्याप्त मात्रामा उत्पादन गरी निर्वाहमुखीबाट व्यवसायिक कृषि तर्फ उन्मुख हुने अवस्था रहेको छ । यस क्षेत्रमा थारु, मधेशी, मुस्लिम, बाहुन, क्षेत्री, तामाङ्ग, मगर, दलित आदि जातिहरुको मिश्रीत बसोवास रहेकोले बहुभाषिक, बहुसांस्कृतिक, बहुजातीय विशेषताले भरिएको छ । धार्मिक सहिष्णुता र सामाजिक सद्भाव यस क्षेत्रको अभिन्न चिनारी हो ।

## समस्या र चुनौतीहरुः

विकासका पूर्वाधारहरुको यथेष्ठ मात्रामा विकास र विस्तार गर्न सकिएको छैन । शैक्षिक, अवस्था राष्ट्रिय स्तरभन्दा न्युन रहेको छ । विद्यालय छाड्ने, अनुपस्थित हुने र कक्षा दोहोऱ्याउने विद्यार्थीको संख्या बढ्दो क्रममा रहेको छ । स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थाहरुको गुणस्तर बृद्धि गर्न नसकिएका कारण आधारभुत स्वास्थ्य सेवाको प्रत्याभुत गर्न सकिएको छैन । व्यवसायिक कृषि तर्फ पालिकाबासीलाई उन्मुख गराउन सकिएको छैन । समयमा मलखाद, उन्नति वीउबिजन र पर्याप्त सिंचाईको उचित प्रबन्ध नहुँदा कृषि योग्य भूमिमा उत्पादन न्यूनस्तरमा रहेको छ ।

## अवसर :

अग्नीसाइर कृष्णासवरन गाउँपालिकाको भुमिलाई पर्याप्त सिंचित गर्न सकेको अवस्था, समयमा मलखाद र उन्नत बीउबिजन उपलब्ध गराउन सकेको अवस्थामा यस ठाउँको आर्थिक विकासको आधारको रुपमा कृषि क्षेत्रको योगदान महत्वपूर्ण हुन्छ । भौगोलिक रुपमा सुगम रहेकोले विकासको पूर्वाधारहरुको निर्माण सहजता हुने देखिन्छ ।

**बार्षिक नीति तथा कार्यक्रम एवं बजेट तर्जुमाका लागि अवलम्वन गरिएको पद्धतिः**

- स्थानीय सरकार संचालन ऐन, २०७४ ।
- पन्ध्रौ योजनाको आधारपत्र ।
- नेपाल सरकार तथा मधेश प्रदेश सरकारको आ.व. २०८०।८१ को नीति तथा कार्यक्रम एवं बजेट ।
- मधेश प्रदेश सरकारको प्रथम पञ्चबर्षिय योजना ।
- नेपाल सरकार तथा मधेश प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन ।
- जलवायु परिवर्तन, विपद् व्यवस्थापन एवं वातावरण संरक्षण ।
- समुदायको अधिकतम सहभागिता परिचालन हुने पूर्वाधार विकासका कार्यक्रमहरु ।
- उत्पादनमुलक एवं तुलनात्मक लाभका क्षेत्र तथा छिटो प्रतिफल पाप्त गर्न सकिने क्षेत्रहरु
- गाउँपालिकाले गत र विगतको गाउँसभाकाबाट पारित गरेका बीर्षक नीति तथा कार्यक्रम बजेट ।
- गाउँपालिकाको प्रोफाइल र गाउँपालिकाको माग र आवश्यकता ।
- आन्तरिक श्रोत ।

**आयोजना प्राथमिकीकरणका आधारहरु :**

आगामी आर्थिक बर्ष २०८०।८१ को लागि विभिन्न आयोजनाहरु प्राथमिकिकरण गर्दा देहायका विषयहरु आधारका रुपमा प्रयोग गरिएको छ ।

- क्रमागत एवं अधुरो रहेको आयोजनाहरु तथा थोरै रकममा संभार गरी पुनः संचालनमा ल्याउन सकिने आयोजनाहरु
- सर्वसाधारण नागरिकलाई तत्काल प्रत्यक्ष फाईदा हुने तथा स्वरोजगार प्रवर्द्धन हुने/आय आर्जन बृद्धि हुने प्रकारका योजना तथा कार्यक्रमहरु ।
- कृषि उत्पादन र उत्पादकत्वमा बृद्धि हुने योजना तथा कार्यक्रमहरु ।
- वातावरण संरक्षण एवं संवर्द्धन र जलवायु परिवर्तन अनुकुलतामा सहयोग पुऱ्याउने प्रकारका योजनाहरु
- स्थानीय स्रोत, साधन, सीप, क्षमताको अधिकतम परिचालन तथा सोको संचालन भई क्षमता विकास हुने किसिमका योजना तथा कार्यक्रमहरु ।
- पिछडिएका समुदाय जस्तैः दलित, जनजाति, महिला तथा बालबालिका एवं अति विपन्न वर्गको आय आर्जन तथा सीप विकासमा टेवा पुग्ने मुख्य कार्यक्रम तथा योजनाहरु
- प्रतिस्पर्धात्मक एवं तुलनात्मक लाभका वस्तु तथा सेवाको उत्पादन एवं प्रवर्द्धन हुने कृषि गैर कृषि र सेवा क्षेत्रका योजना तथा कार्यक्रमहरु ।
- गाउँपालिकाको आन्तरिक आय श्रोत बृद्धि हुने कार्यक्रमहरु ।
- सामाजिक परिचालनका माध्यमबाट पहिचान गरिएका लक्षित समुहका मागलाई सम्वोधन गरिने विषयहरु ।
- बढीभन्दा बढी जनसहभागिता जुटाउन सकिने तथा बढी श्रममुलक कार्यक्रमहरुः जेष्ठ नागरिक तथा अपाङ्गमैत्री कार्यक्रमलाई प्राथमिकता दिने खालका योजनाहरु ।
- लागत साझेदारीमा संचालन हुने आयोजना तथा कार्यक्रमहरु ।

**गाउँपालिकाको दिर्घकालिन सोचः**

"सुखि र समृद्धिको आधारः कृषि, पर्यटन र पुर्वाधार"

**लक्ष्य:**

व्यवसायिक कृषि, रोजगारी, गुणस्तरी शिक्षा र दिगो स्वस्थ्यको माध्यमबाट समृद्धि हाँसिल गर्दै अग्नीसाईर कृष्णासवरनवासीको सुखी जीवन प्राप्त हुने ।

**दिर्घकालिन सोंचको आधारहरु (निर्देशक सिद्धान्त) :**

| समृद्ध | सुखी |
|---|---|
| १.१ प्रतिस्पर्धी मानवपूँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग | २.१ सुशासन |
| १.२. दिगो तथा भरपर्दो पूर्वाधार तथा आर्थिक अन्तरसम्बन्ध | २.२ परिस्कृत तथा मर्यादित जीवन |
| १.३ तीव्र उत्पादन, दीगो उत्पादकत्व | २.३ मध्यम जीवनस्तर |
| १.४ उच्च तथा समतामूलक आय | २.४ सभ्य र न्यायपूर्ण समाज |

**उदेश्य:**

- उत्पादन, रोजगारी र आयमा तीव्र र दिगो बृद्धि गर्नु ।
- स्वस्थ, प्रतिस्पर्धी र सीपयुक्त मानव संशाधनको विकास गर्नु ।
- गुणस्तरीय पूर्वाधार, व्यवस्थित बजार तथा अन्तरआवद्धतामा बृद्धि गर्नु ।
- वन, जमीन र जलश्रोतको दीगो उपयोग गर्दै विपद्जोखिममुक्त पालिका बनाउनु ।
- सेवा प्रवाह, कार्यसम्पादन र जवाफदेहिताको स्तरमा अभिबृद्धि गर्नु ।

**राजनैतिक तथा शासन व्यवस्था सम्बन्धी नीति :**

१. यस अग्नीसाइर कृष्णासवरन गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण जनसेवाका कार्यक्रमहरु जनस्तरमा समान पहुँच सुनिश्चित गरि सुशासन सहितको शासन व्यवस्था स्थापना गरिनेछ ।
   - ✓ कर्मचारी तन्त्रलाई व्यवस्थित, स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, चुस्त दूरुस्त, अनूशासित एवम जनउत्तरदायी बनाउने कदम पहिलो आधार हुनेछ ।
   - ✓ सार्वजनिक सेवा प्रवाह, सामाजिक विकास, समन्यायिक पहुँच लगायतका विषयमा पालिका र जनसमुदाय बीच अन्तरसम्बन्ध मजबुत बनाउन बढी भन्दा बढी जनसहभागिता गराई जनउत्तरदायी र सहभागितामूलक पालिका निर्माण गरिनेछ ।
   - ✓ यस गाउँपालिको कार्यालय मातहतका कार्यालयहरुमा कार्यरत अस्थायी, करार कर्मचारीहरुलाई अनिवार्य रुपमा कार्यसम्पादन मुल्यांकन फारम भराई कार्यसम्पादन मुल्यांकनको आधारमा मात्र म्याद थप हुने नीति अख्तियार गरिनेछ ।

२. गाउँपालिका कार्यालय तथा अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरु आस्मिक बाहेक अन्य प्रयोजनमा बिदा बस्नु परेमा बिदा स्वीकृत गराई मात्र बिदा बस्ने व्यवस्था मिलाईनेछ ।

३. दैनिक प्रशासनिक सेवा प्रवाहमा प्रयोगमा आएका आधुनिक प्रविधि उपकरणहरुलाई उचित व्यवस्थापन, आवश्यक विद्युतीय शासन प्रणालीसंग सम्बन्धित उपकरणहरु व्यवस्था गरी सहज र सरल तरीकाबाट प्रसाशनिक सेवा प्रदान गरिनेछ ।

४. दिर्घकालिन, मध्यमकालिन, अल्पकालिन, र आकस्मिक योजनाहरु बनाईनेछ ।

५. पालिकाको अधिकार क्षेत्र भित्र पर्ने सार्वजनिक जग्गा संरक्षण सम्बर्द्धन गर्न स्थानीय भूमि ऐन तथा कार्यविधि बनाई लागू गरिनेछ ।

६. गाउंकार्यपालिकाको नियमित कामकाजलाई कानूनसम्मत एवम प्रभावकारी रुपमा संचालन गर्न आवश्यक ऐन, नियम, विनियम, कार्यविधिहरु निर्माण र संसोधन गरिनेछ ।

७. गाउंपालिका क्षेत्रभित्र पर्ने सम्पूर्ण सार्वजनिक (ऐलानी) जग्गाहरुको लगत कायम गरी स्पष्ट श्रेष्ता अभिलेखिकरण गरिनेछ ।